Kisan Laghubitta Bittiya Sanstha Ltd.
किसान लघुवित्त वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय: लम्कीचुहा -४ कैलाली कर्पोरेट कार्यालय: बूढानीलकण्ठ-८

च. नं. : ११६ / २०८० / ०८१

मिति : २०८१/०३/१०

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

**विषय : एकीकृत कारोबार शुभारम्भ गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्था र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने गाभिने सन्दर्भमा नेपाल राष्ट्र बैंकबाट मिति २०८१/०२/२९ मा **मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड**को नामबाट कारोबार संचालन गर्ने गरी अन्तिम स्वीकृति प्राप्त भइ संस्थाको मिति २०८१/०२/३१ मा बसेको १३७ औं बैठकले मिति २०८१/०३/२७ गतेदेखि एकीकृत कारोबार शुभारम्भ गर्ने निर्णय गरी सर्वसाधारण तथा सरोकारवालाहरुको जानकारीका लागि मिति २०८१/०३/०९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरेको व्यहोरा जानकारी लागि अनुरोध छ । साथै, **"धितोपत्र दर्ता गराएका संगठित संस्था एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९"** को दफा ९ मा भएको व्यवस्था बमोजिम एकीकृत कारोबार भएको मितिदेखि लागु हुने गरी संस्थाको शेयर कारोबार रोक्का राख्ने व्यवस्था मिलाईदिनु हुन विनम्र अनुरोध छ ।

**संलग्न :**

आर्थिक अभियान दैनिकमा प्रकाशित सूचनाको प्रतिलिपि १ थान

**बोधार्थ :**

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौ ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौ ।
श्री प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौ ।

भवदीय,

(सजल खड्का)
कम्पनी सचिव

# एकीकृत वित्तीय कारोबार शुभारम्भ हुने बारेको सूचना

## किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०८१ साल असार २७ गतेबाट एकीकृत वित्तीय कारोबार शुभारम्भ हुने बारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१ असार ९ गते आइतवार)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था **किसान लघुवित्त वित्तीय संस्था लिमिटेड,** लम्कीचुहा, कैलाली (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था **जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**, बुटवल, रुपन्देही (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको) एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा दुईवटै वित्तीय संस्थाहरुको छुट्टा छुट्टै पाँचौ वार्षिक साधारणसभाबाट पारित विशेष प्रस्ताव बमोजिम नेपाल राष्ट्र बैंकबाट प्राप्त मिति २०८१/०२/२९ को पत्रबाट दुबै संस्था एक आपसमा गाभ्ने गाभिने कार्य गर्न अन्तिम स्वीकृति प्राप्त भएको हुँदा **किसान लघुवित्त वित्तीय संस्था लिमिटेड र जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड** गाभ्ने गाभिने (मर्जर) पूर्व अन्तिम दिन सम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात बनेको नयाँ संस्था **मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड**ले व्यहोर्ने सकार्ने गरी गाभ्ने गाभिने (मर्जर) कार्यका लागि स्वीकृति प्राप्त भएको हुँदा एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात बनेको संस्था "**मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड**" अंग्रेजीमा **Matribhumi Laghubitta Bittiya Sanstha Limited** "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थाको नामबाट मिति २०८१ असार २७ गते बिहिबारदेखि एकीकृत कारोबार शुभारम्भ गरिने व्यहोरा समस्त ग्राहक सदस्य, शेयरधनी, नियमनकारी निकाय तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात वित्तीय संस्थाको केन्द्रीय कार्यालय हाल **किसान लघुवित्त वित्तीय संस्था लिमिटेड**को केन्द्रीय कार्यालय रहेको स्थान लम्कीचुहा-४, कैलाली र कर्पोरेट कार्यालय बुढानिलकण्ठ-८, काठमाण्डौमा रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै, २०८१ साल असार २७ गतेदेखि दुवै संस्थाको एकीकृत कारोबार शुरु गरिने भएको हुँदा Data Migration प्रयोजनका लागि २०८१ साल असार २६ गतेका दिन दुईवटै वित्तीय संस्थाद्वारा प्रदान गर्दै आईरहेको सम्पूर्ण बैंकिङ्ग कारोबार बन्द रहने व्यहोरा समस्त ग्राहक सदस्य, नियमनकारी निकाय तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । यसबाट ग्राहक सदस्यमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।

**Kisan Laghubitta Bittiya Sanstha Ltd**
**किसान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**लम्कीचुहा-४, कैलाली**

**जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लि.**
**Jalpa Samudayik Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
**बुटवल-११, रुपन्देही**